**राष्ट्रिय योजना आयोगको सचिवालयको**
**प्रेस विज्ञप्ती**
२०७१ बैशाख २१ आइतबार

सम्माननीय प्रधानमन्त्री तथा राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री सुशील कोइरालाज्यूको अध्यक्षतामा समितिको बत्तीसौं बैठक बस्यो । उक्त बैठकमा आर्थिक बर्ष २०७०/७१ को दोश्रो चौमासिक अवधिमा सञ्चालित विकास कार्यक्रम/आयोजनाहरूको साथै राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरूको समेत चौमासिक प्रगति स्थिति र कार्यान्वयनमा देखापरेका तथा मन्त्रालयस्तरबाट समाधान हुन नसकेका समस्याहरूको बारेमा विस्तृत छलफल भयो । बैठकमा विगतमा रा.वि.स.स.बाट भएका निर्णयहरूको कार्यान्वयनको बारेमा समेत जानकारी प्रस्तुत भयो ।

सम्माननीय प्रधानमन्त्रीज्यूले बैठकमा निम्नानुसारको निर्देशन दिनु भयो :

१. संविधान सभाको दोस्रो निर्वाचनपछि गठित यो सरकार, मुलुकमा राजनीतिक स्थायित्व कायम गर्ने दिशामा संविधान निर्माणको साथै देशको आर्थिक विकास गरी जनताको जीवनस्तर उठाउन प्राथमिकताका साथ लागेको छ ।

२. मुलुकको विकासका निमित्त शान्ति र स्थायित्व अपरिहार्य आवश्यकता हो । हाल संविधानसभाको दोस्रो निर्वाचन पछि राजनीतिक वातावरण सहमति कायम गर्दै सकारात्मक दिशातर्फ प्रवाहित भैरहेकाले यसलाई अवसरका रूपमा लिई सवै मन्त्री र कर्मचारीतन्त्रले आ-आफ्नो स्थानवाट इमान्दारिताका साथ प्रयास गर्न म निर्देशन दिन चाहन्छु ।

३. हाल विकास प्रक्रिया पछाडि पर्नु र मुलुकमा धेरै गरिवी व्याप्त रहनुको प्रमुख कारण विगतमा रहेका कमी कमजोरीहरू पनि हुन् । यस अवस्थामा सुधार गरी वाह्य लगानी समेतलाई आकर्षित गर्न सवैको विशेष ध्यान जानु जरूरी छ । यस्तो लगानी जलस्रोत, कृषि, पर्यटन जस्ता संभावनाका क्षेत्रमा आकर्षित गरी मुलुकको विकासमा थप टेवा दिन सकिने अवस्था देख्दछु ।

४. कर्मचारी तन्त्रले पनि कुनै राजनैतिक पक्षपात विना इमान्दारिताका साथ सुम्पेको जिम्मेवारी निर्वाह गरेमा विकास प्रकृयामा देखिएका विभिन्न सवालहरू समाधान हुँदै जाने हुन्छन् ।

५. स्थानीय तहमा जाने अनुदान रकमको प्रभावकारी अनुगमन नहुँदा त्यसको सदुपयोग नभएको भन्ने गुनासो आउने गरेको छ । यसैले विकास निर्माणका कार्यमा पारदर्शिता, जवाफदेहिता कायम गर्दै सुशासन कायम गर्ने दिशामा सम्वद्ध मन्त्रालयहरूको ध्यान आकर्षित गर्दछु ।

६. विकास निर्माण कार्य गर्दा समन्वयको अभावमा निर्मित संरचनाहरू वनाउने र भत्काउने स्थिति देखिरहेको हुँदा त्यसमा निश्चित कार्य योजना वनाई समन्वयका साथ काम अगाडि वढाउन सम्वद्ध पदाधिकारीहरूको ध्यान जानु जरूरी छ ।

७. मुलुकमा विकास हुँदैन वा मुलुक वन्दैन भन्ने निराशा राख्ने तथा विगतलाई मात्र दोष दिने गर्नु भन्दा वर्तमान समयको सदुपयोग र भविष्यलाई योजनावद्धरूपमा थप मेहनतका साथ विकास निर्माण कार्यमा लगाउन सकिएमा ८, १० वर्षमै मुलुकले कायापलट गर्न सक्दछ भन्नेमा म सवैलाई विश्वास दिलाउन चाहन्छु ।

८. आज प्रस्तुत प्रगति हेर्दा यसलाई उत्साहजनक भन्ने अवस्था देखिएन यसमा खरिद प्रक्रिया, जनशक्ति व्यवस्था लगायत कतिपय समस्याहरूलाई कारणका रूपमा प्रस्तुत गरियो । यस्ता समस्या समाधान गर्न कानूनमा संशोधन गर्नु पर्ने भए सम्वद्ध मन्त्रालयले अध्ययन गरी प्रस्ताव सहित स्वीकृतीका लागि पेश गर्न निर्देशन दिन्छु ।

समितिको उक्त बैठकमा माननीय मन्त्रीज्यूहरू, राज्यमन्त्रीज्यूहरू सल्लाहकारज्यूहरू, श्रीमान् मुख्य सचिवज्यू, नेपाल राष्ट्र बैकका गर्भनरज्यू र नेपाल सरकारका सचिवहरू लगायत अन्य उच्च पदस्थ अधिकारीहरूको सहभागिता रहेको थियो ।

......................

(डा. तीर्थराज ढकाल)
सह-सचिव
राष्ट्रिय योजना आयोगको सचिवालय